नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोनः ०१-४४११७७६

मोबाईल नं.: ९८५१२८३१४०

फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७

महाराजगञ्ज, काठमाडौं ।


## प्रेस विज्ञप्ती- ७२

## "बैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

प्रतिवादी आवास भन्ने आभाश अर्यालले मिति २०७७।१२।१९ गते नबिल बैंक लिमिटेड काठमाडौं,सिनामंगल शाखामा रहेको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा प्रतिवादी आवास भन्ने आभाश अर्याललाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा ०४(चार) दिन कैद र रु.११,००,०००/-(एघार लाख रुपैंया) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई मिति २०७९/११/२१ गते, बागबजार,काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आज ऐ. २१ गते सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय सुन्धारा, काठमाडौंमा पठाईएको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **प्रतिवादी:** | आवास भन्ने आभाश अर्याल |
| **उमेरः** | ३५ बर्ष |
| **ठेगानाः** | मोरङ जिल्ला,साविक विराटनगर उपमहानगरपालिका वडा नं.१५ परिवर्तित विराटनगर महानगरपालिका वडा नं.१५ घर भई हाल काठमाडौं जिल्ला,बुढानिलकण्ठ नगरपालिका वडा नं.११ बस्ने |
| **मुद्दाः** | बैकिङ् कसुर |
| **सजायः** | ०४ (चार) दिन कैद र रु.११,००,०००/-(एघार लाख रुपैंया) जरिवाना |
| **फैसला मितिः** | २०७९/१०/०६ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मितिः** | २०७९/११/२१ |
| **पक्राउ स्थानः** | बागबजार,काठमाडौं। |

सहायक प्रवक्ता तथा सूचना अधिकारी

(दुर्गा प्रसाद दहाल)

प्रहरी नायव उपरीक्षक

सम्पर्क नम्बर:९८५१२९१३११

मिति २०७९/११/२१ गते ।